
# लेखापरीक्षण प्रतिवेदन

# परिवर्तन गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## परिवर्तन गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/594

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

परिवर्तन गाँउपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

## कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(सुत्र) प्रयोगमा रहेको छ। गाउपालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण(म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएकोसामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड २३ लाख, एकीकृत स्वास्थ्य पूर्वाधार

विकास कार्यक्रमको रु. २ करोड ३२ लाख ४३ हजार तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७ लाख ९५ हजार समेत गरी रु.१३ करोड ६३ लाख ३८ हजार सुत्रमा लेखांकन गरेको छैन।

२. परिवर्तन गाउँपालिकाको रु.१ अर्ब ३ करोड ९४ लाख ३४ हजारको लेखापरीक्षण गरिएकोमा रू.६८ लाख २६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमाअसुल गर्नुपर्ने रू. ५ लाख ७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.१३ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.४९ लाख ८२ हजार रहेको छ। गत वर्षसम्मको बेरुजु बाँकि रु.१२ करोड ७२ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमध्ये रु. २ लाख ६५ हजार फस्यौंट भई यो वर्षको थप समेत रु.१३ करोड ३८ लाख १३ हजार बेरुजु बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

परिवर्तन गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित

आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

**चालु वर्षको बेरुजु**

**बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | ४५ | ६८,२६,५९१ | ० | ० | ० | ० | ६४ | ४५ | ६८,२६,५९१ | ५,०७,५९६ | ४९,८१,७३० | १३,३७,२६५ | ० | ० | ६३,१८,९९५ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोल्पा | १२,७२,७२,४६५ | ० | २,८५,४४२ | १२,६९,८७,०२३ | ० | ६८,२६,५९१ | १३,३८,१३,६१४ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३१ | सामाजिक सुरक्षा | १,३९,०४४ |
| २ | २०७९/८० | १२ | मूल्यअभिवृद्धि कर विजक | १,४६,३९८ |
| जम्मा | | | | २,८५,४४२ |

# (८०५५४५०३३०० - परिवर्तन गाउँपालिका, रोल्पा )

# परिवर्तन गाउँपालिका , रोल्पा

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।२४ देखि २०८१।५।२७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आर्थिक २०८०।८१ मा आय र व्यय तर्फ रु. १ अर्व ३ करोड ९४ लाख ३४ हजारको लेखापरीक्षण गरिएको सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

२ **सन्चित कोषको अवस्था**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय/व्यय हिसाबको आर्थिक वर्ष २०८०/८१ को कोषको संचित व्यवस्था निम्न अनुसार रहेको छ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण<br>राजस्व, अनुदान र अन्य प्राप्ति | टिप्पणी नं | चालु आ.ब.को कारोबार<br>नगद | तेस्रो पक्ष भुक्तानी (सोभै भुक्तानी) | जम्मा |
|---|---|---|---|---|---|
| ११००० | कर | | ८, १७, २०, ९६७.३८ | ० | ८, १७, २०, ९६७.३८ |
| १३००० | अनुदान | | २९, ७०, ३०, ३४४.९७ | ० | २९, ७०, ३०, ३४४.९७ |
| १४००० | अन्य राजस्व | | ३८, ७३, ०१०.०५ | ० | ३८, ७३, ०१०.०५ |
| १५००० | विविध प्राप्ति | | ९९,२६६.०० | ० | ९९,२६६.०० |
| क | कुल जम्मा प्राप्ति | | ३८, २७, २३, ५८८.४० | | ३८, २७, २३, ५८८.४० |
| ३ | चालु | | २८, २४, ८९, ०४७.५२ | ० | २८, २४, ८९, ०४७.५२ |
| २१००० | पारिश्रमिक / सुविधा | | ११, ४३, ७९, ७१८.७८ | ० | ११, ४३, ७९, ७१८.७८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १२, ९७, ६६, ७४९.०८ | ० | १२, ९७, ६६, ७४९.०८ |
| २५००० | सहायता (Subsidy) | | ३, ५४, ९७, ८३२.६६ | ० | ३, ५४, ९७, ८३२.६६ |
| २७००० | सामाजिक सुरक्षा | | २२, ५८, ०४७.०० | ० | २२, ५८, ०४७.०० |
| २८००० | अन्य खर्च | | ५, ८६, ७००.०० | ० | ५, ८६, ७००.०० |
| ४ | पूंजीगत | | १०, १५, ४५, ५००.८२ | ० | १०, १५, ४५, ५००.८२ |
| ३१११० | भवन तथा संरचना | | ११, १३, २३९.०० | ० | ११, १३, २३९.०० |
| ३११२० | सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | | १३, ७४, ३४९.४६ | ० | १३, ७४, ३४९.४६ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ९, ७३, १५, ०९५.४४ | ० | ९, ७३, १५, ०९५.४४ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १७, ४२, ८१६.९२ | ० | १७, ४२, ८१६.९२ |
| ख) | कुल जम्मा भुक्तानी | | ३८, ४०, ३४, ५४८.३४ | | ३८, ४०, ३४, ५४८.३४ |
| ग) | बचत / कमी (ग = क-ख ) | | (१३, १०, ९५९.९४) | | (१३, १०, ९५९.९४) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ३,२२२.१६ | | ३,२२२.१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (१३,०७,७३७.७८) | | (१३,०७,७३७.७८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,८२,१४,३६५.४३ | | ३,८२,१४,३६५.४३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ) | | ३,६९,०६,६२७.६५ | | ३,६९,०६,६२७.६५ |

३ **अन्तरसरकारी अख्तियारी**

पालिकाले तयार गरेको आर्थिक विवरणमा निम्नानुसारको कारोवार समावेश भएको छैन।

| बजेट उपशीर्षक | निकासा | खर्च |
|---|---|---|
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७९४५७४ | ७९४५७४ |
| सामाजिक सुरक्षा तथा संरक्षण | ११२३००४३८ | ११२३००४३८ |
| एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २३२४३८७४.८२ | २३२४३८७४.८२ |
| **जम्मा** | **१३६३३८८८६.८२** | **१३६३३८८८६.८२** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **लेखा ढाँचा र हिसाब मिलान**

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

४.२ प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.३८ करोड २७ लाख २४ हजार र गत वर्षको मौज्दात रु.३ करोड ८२ लाख १४ हजार समेत जम्मा रु.४१ करोड ९ लाख ३८ हजार र कुल भुक्तानी रु.३८ करोड ४० लाख ३५ हजार र धरौटी आकस्मिक कोषमा रु.३ हजार थप समायोजन रकम देखाई रु.३ करोड ६९ लाख ७ हजार अन्तिम मौन्दात देखिन्छ ।

४.३ पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको आय-व्यय बीचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

४.४ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त विवरणमा देहाय अनुसार बैङ्क मौज्दात रु.१३०७७२९ हजार फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी तयार गरिने एकीकृत वित्तीय विवरणले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति (आय)** | **यसवर्षको भुक्तानी (व्यय)** | **समायोजन** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ३८२१४३७३.३ | ५४७४०२३६३.७३ | ५४८७१०११० | | ३६९०६६३६ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३८२१४३६५.४३ | ३८२७२३५८८.४ | ३८४०३४५४८.३४ | ३२२२.१६ | ३८२१४३६५.४३ |
| **फरक** | | | | | **१३०७७२९** |

## ५ खर्च विश्लेषण

पालिकामा यस वर्ष कुल आन्तरिक आयबाट रु.३९ लाख ७२ हजार राजस्व बाँडफाँटबाट रु.८ करोड १७ लाख २१ हजार र अनुदानबाट रु.२९ करोड ७० लाख ३० हजार समेत रु.३८ करोड २७ लाख २४ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२८ करोड २४ लाख ८९ हजार (७४ प्रतिशत) र पूँजिगत तर्फ रु.१० करोड १५ लाख ४५ हजार (२६ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा रु.३८ लाख २७ हजार (१ प्रतिशत) रहेको छ । यस वर्ष प्रशासनिक खर्च वापत रु.११ करोड ४३ लाख ८० हजार खर्च भएको छ जुन आन्तरिक आयको ३० गुणा बढी खर्च हो । पालिकाले चालु खर्चमा मितव्ययिता कायम गर्दै पूँजीगत खर्चमा वृद्धि गर्नुपर्दछ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विविरण तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरे पनि यथासम्भव दाखिला गरेको देखिएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा उपभोक्ता समितिबाट नै जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।
- भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरुको नाममा भुक्तानी दिई निजहरु मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

### ७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी अषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने ब्यबस्था छ र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृति भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले (प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ब्यबस्था छ। यस स्थानीय तहमा बर्तमान उपाध्यक्ष श्री कलादेवी खत्रेनीले

२०८०/०३/१० गते रु.४४९८०६३१२.५८ को बजेट सभा समक्ष पेश गरी मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

### ८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार उक्त प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

### ९ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ। योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजना बीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन। यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो पर्न सक्ने अवस्था छ। एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ।

### १० रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा, कार्यक्रम र शीर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । पालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार ३७ योजनाको लागि विनियोजन भएको रु.२ करोड १६ लाख ८७ हजार बजेटबाट ७१ योजना थप गरी रु.२ करोड ३६ लाख ३८ हजार बजेट वर्षान्तमा रकमान्तर तथा स्रोतान्तर गरेको हुँदा बजेटको सहि सदुपयोग नहुन सक्ने जोखिम रहेको हुँदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नु पर्दछ।

### ११ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

### १२ कानून निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ५ वटा नियमावली, १ वटा आचार संहिता, १ वटा आदेशपत्र, १ वटा निर्देशिका, २१ वटा कार्यविधि, २ वटा नीति र १ वटा कार्यप्रणाली समेत ३७ वटा कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

### १३ न्याय सम्पादन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ। समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

| अ.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| १ | ६ | ७ | ६ | ० | १ |

१४ **योजनाको प्रगती**

पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष २२३ वटा योजनामा बजेट विनियोजन गरी ८ वटा योजना ठेक्का मार्फत र बाँकी २१५ वटा योजना उपभोक्ता समिति मार्फत कार्य गराएकोकमा ३ योजनाको शून्य प्रगति, १ योजनाको ५० देखि ७५ प्रतिशतसम्मको प्रगति र बाँकी २१९ योजनाको ७५ प्रतिशतभन्दा माथिको प्रगति गरी औषत भौतिक प्रगति ९९ प्रतिशत र औषत वित्तीय प्रगति ९९ प्रतिशत भएको छ।

१५ **योजना कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यकालिन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानातीना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ।

| **क्र.सं.** | **विवरण** | **योजना संख्या** |
|---|---|---|
| १ | १ लाखसम्म | ८९ वटा |
| २ | १ लाख देखि ५ लाखसम्म | ११७ वटा |
| ३ | ५ लाख देखि २० लाखसम्म | ९ वटा |
| ४ | २० लाख देखि ५० लाखसम्म | ६ वटा |
| ५ | ५० लाख भन्दा माथि | २ वटा |
| **जम्मा** | | **२२३ वटा** |

१६ **कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थाई, करार र ज्यालादारी गरी १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, शिक्षा अधिकृत, प्रशासन सहायक, जनस्वास्थ्य अधिकृत सहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१७ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र

अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले करार सेवा शुल्कमा विभिन्न पदमा कर्मचारीहरुलाई स्वीकृत दरबन्दीभित्र पालिका तर्फ कार्यालय सहयोग तथा सवारी चालक सहित २३ जना कर्मचारीलाई करारमा राखी रु.५२४५१७६ र स्वास्थ्य संस्थातर्फ २० जनालाई करारमा राखी रु.५१ लाख ६० हजार खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरेको छ । पालिकाले विधिपूर्वक स्थाई पदपुर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ।

## १८ **तलबी प्रतिवेदन**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उपदफा ४ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष गाउँसभाबाट तलबी प्रतिवेदन पारित गराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १७ जना कर्मचारीको रु.१ करोड १५ लाख ८२ हजार र पालिका तर्फ १६ जना स्थाई कर्मचारीको रु.९३ लाख ९८ हजार खर्च लेखेको छ। कानूनमा व्यवस्था भए अनुसार तलबी प्रतिवेदन पारित गरी तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## १९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ रु.१७ लाख ७५ हजार विनियोजन गरी ११ लाख ५६ हजार खर्च गरेको छ । खाजा, खाना तथा विभिन्न सामान खरिद गरी विविध खर्च शीर्षकमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । पालिकाले आगामी दिनमा मापदण्ड बनाई अवस्यकता र औचित्यकोअधारमा खर्च गरि यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## २० **सवारी साधन मर्मत**

सावारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म.ले.प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

• पालिकाका यस वर्ष ईन्धन र सवारी साधन मर्मत शीर्षकमा रु.१५ लाख विनियोजन गरी रु.१४ लाख ८५ हजार रकम खर्च गरेको छ । यसरी सार्वजनिक कोषको रकम खर्च गर्दा सकभर मितव्ययीता, प्रभावकारीता अपनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाई आर्थिक अनुशासनलाई पालना गरी सार्बजनिक खर्चको मापदन्ड वमोजिम लेखा राखी रकम भुक्तानी गर्नुपर्ने देखिन्छ ।

## २१ **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष चालु तर्फ भैपारी आउने चालु खर्च रु.१ करोड २७ लाख ८१ हजार, विविध खर्च रु.१७ लाख ७५ हजार र पुँजीगत तर्फ स्तनपान कक्ष तथा प्रतिक्षालय निर्माण रु.८ लाख बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन प्रचलित कानूनी व्यवस्थाको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

## २२ **क्षेत्रगत बजेट**

पालिकाको कुल बजेट रु.४४ करोड ९८ लाख ६ हजार र खर्च रु.३८ करोड ४० लाख ३५ हजार खर्च भई समग्रमा ८५.३७ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| क्र.सं. | क्षेत्रगत बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| 1. | आर्थिक विकास | १२५६०४८६.३५ | ३.२७ |
| 2. | सामाजिक विकास | २३५६९८५९६.४४ | ६१.३७ |
| 3. | पूर्वाधार विकास | ७३८५५७६०.९१ | १९.२३ |
| 4. | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४३६९६६५.७३ | १.१४ |
| 5. | कार्यालय संचालन तथा प्रशासनिक | ५७५५००३८.९१ | १४.९९ |
| जम्मा | | ३८४०३४५४८.३४ | १०० |

उपर्युक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ६१.३७ प्रतिशत, पूर्वाधार विकासमा १९.२३ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा १४.९९ प्रतिशत, आर्थिक विकास तर्फ ३.२७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.१४ प्रतिशत मात्र रहेको देखियो । अत: आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

## २३ त्रैमासिक प्रगती

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल पूँजिगत खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजिगत | १०१५४५ | ५५०० | ८६९१ | १३४५५ | ३५७८० | ३८५०० |

## २४ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउने तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यावन्यनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ । पालिकाले आ.व. २०८०।८१ मा प्रवाह गरेको सेवाको विवरण निम्न छन् :

| **वितरण** | **जम्मा** |
|---|---|
| जन्मदर्ता | ९३३ |
| मृत्युदर्ता | १६३ |
| बसाईसराई दर्ता | १४२ |
| विवाह दर्ता | ३२० |
| सम्वन्ध विच्छेद दर्ता | ६२ |
| अन्य सिफारिस | ४६३७ |

## २५ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७६ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाका सदस्यले आफु निर्बाचित भई अनुसूची-२ बोमोजिम पद तथा गोपनियताको सपथ लिई आफ्नो काम कार्बाही शुरु गरेको मितिदेखि मासिक सुबिधा बाफत पाउने ब्यबस्था गरेकोमा सम्मानित सर्बोच्च अदालतको आदेशले २०७६ कात्तिक १ देखी लागु हुने गरी उक्त सुविधाहरु खारेज गरे पछी लुम्बिनी प्रदेश सरकारले प्रथम संसोधन गरी २०७७ मा राजपत्रमा प्रकाशन गरेको पदाधिकारी सुबिधा सम्बन्धि ऐनको अनुसूची १ मा उल्लेख भएको सुबिधा बोमोजिम आ.ब २०८०/८१ मा रु.६५ लाख १ हजारको खर्च लेखि रकम भुक्तानी भएको देखिन्छ ।

२६ **कोष व्यवस्थापन**

गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष, मर्मत खाता र कल्याणकोष खाता जस्ता विभिन्न नामले कोष खडा गरेको छ । आवश्यक नदेखिएका कोषहरु आपसमा मर्ज गरी एउटै कोषबाट कार्य संचालन गर्ने गरी कार्य गर्नुपर्दछ।

२७ **अनुत्पादक तथा वितरणमुखि खर्च**

स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले दीर्घकालीन रुपमा पूँजी निर्माणमा सहयोग नरहने, चालु प्रकृतिको कार्यमा वितरणमुखी कार्यक्रमहरु खर्च लेखेको छ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ ।

२८ **१५ शैया अस्पताल:**

२८.१ पालिकाले रु.१५२०९१५८६.३० को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु.१५२००१००० कवोल गर्ने खानी/थोदुरुङ्ग मिसन जे.भी. सँग मिति २०७८।२।२३ गरी २४ महिना भित्र निर्माण कार्य गर्ने गरी सम्झौता गरी कार्यादेश दिएकोमा पुनः मिति २०८१।११।२९ सम्म म्याद थप गरी यस वर्ष रु.२२७७१५३४ भुक्तानी भई हालसम्म कुल रु.११७५३०१४१.६७ भुक्तानी भई ८५ प्रतिशत भौतिक प्रगति भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) खरिद सम्झौता अनुसार पालिकाले म्याद थप गर्दा माइलस्टोन वाइज म्याद थप गर्नुपर्नेमा अन्तिम माइलस्टोन पछि लमसममा अन्तिम माइलस्टोनको लागि म्याद थप भएको कारण कानून अनुसार पहिलो माइलस्टोन १५ प्रतिशत, दोस्रो माइलस्टोन ५० प्रतिशतको कार्य तोकिएको समयसीमा भित्र नभएको हुँदा उक्त अवधिको दैनिक ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाई असुल गर्नुपर्दछ ।

ख) खरिद सम्झौता अनुसार कार्यादेश प्राप्त भएको मितिले ७ दिनभित्र बीमा गरी निर्माण कार्य शुरु गर्नुपर्नेमा २०७८।१।३० मा कार्यादेश प्राप्त गरी त्यसको १ हप्तापछि अर्थात २०७८।२।७ सम्म जारी भएको बीमाको बिजक पेश गरी भुक्तानी दाबी गर्नुपर्नेमा शुरुको कार्य सम्पन्न गर्नुपर्ने मिति २०८०।१।३० भन्दा पछि मिति २०८०।१२।१२ मा जारी भएको रु. १४ लाखको बीमाको बिजकको आधारमा बीमा वापतको रकम औचित्यविहीन तवरले भुक्तानी दिने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

ग) निर्माण कार्यको लागि प्राविधिक सहायता वापत कुल कबोल अंकको २ प्रतिशतसम्म कन्टिन्जेन्सी वापत खर्च गर्न सकिनेमा मु.अ.कर र पीएस बाहेकको कबोल अंक रु.१३ करोड ३२ लाख ७४ हजारको २ प्रतिशतले रु.२६ लाख ६५ हजारसम्म खर्च गर्न सकिनेमा पालिकाले माथि उल्लेखित अस्पताल निर्माण कार्यको लागि मिति २०७८।१।३० देखि २०८०।३।२५ सम्मको लागि एभरेष्ट इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सीसँग सम्झौता गरी रु.१९९७८४० र पछि म्याद थप अवधिको लागि श्री जलजला इन्जिनियरिङ्ग कन्सल्टेन्सीसँग रु.१९९५५८० मा सम्झौता गरी गो.भौ.नं. ४/२०८०/९/२६ बाट रु.२५४२५० भुक्तानी भएको छ । यसरी २०८०।८१ सम्म रु. २२,५२,०९० भुक्तानी भईसकेकोले रु. २६ लाख ६५ हजारभन्दा बढी भुक्तानी दिन नहुने व्यवस्था गर्नुपर्दछ । कार्यालयमा प्राविधिक जनशक्ति हुँदाहुँदै प्राविधिक परामर्श लिएर रकम खर्च गर्नु नियमसम्मत नदेखिएको रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २८.१.१ | परिवर्तन गाँउपालिका | २,२५२,०९० |

| | |
|---|---|
| अनियमित भएको | २२,५२,०९० |

२८.२ परामर्शदाता श्री जलजला इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. लाई सम्झौता गर्दाको वखत १५ शैया अस्पतालको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने TOR दिई लागत अनुमान तयार गर्दा टिम लिडरलाई ९८ दिनको प्रति दिन मु.अ.बाहेक रु.१४१२.६७ का दरले भुक्तानी गर्ने गरी लागत अनुमान तयार गरी सोको आधारमा भुक्तानी गर्ने सम्झौता भएकोमा उक्त परामर्शदाताले ८४ दिनको मात्रै वर्क सेड्युल पेश गरेको हुँदा बढी अवधि १४ दिनको रु. १९७७७ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,७७७ |

२९ **बीमाः**

खरिद सम्झौता अनुसार कार्यादिश प्राप्त भएको मितिले ७ दिनभित्र बीमा गरी निर्माण कार्य शुरु गर्नुपर्नेमा पालिकाले निम्नानुसारको योजनामा अन्तिम बिल भुक्तानीको समयमा जारी भएका प्रयोजनविहिन बीमाको रकम भुक्तानी भएको हुँदा उक्त रकम असुल गरी दाखिला गरी गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | योजनाको नाम | सम्पन्न गर्नुपर्ने मिति | कार्य सम्पन्न भएको मिति | बीमा जारी गरेको मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १७/२०८०/११/२४, ६७/२०८१/१/२४ | भालुकोट त्रिवेणी खोला पुतलाचौर मौलाबोट बाघमारा सडक मर्मत | २०८१।२। २५ | २०८१।१।२४ | २०८१।१।२६ | २९७२० |
| ९५/२०८१/२/८ | श्री बालकल्याण आ.वि. | २०८०।१। १५ | २०८१।२।१ | २०८०।२।३ | ३२००० |
| जम्मा | | | | | ६१७२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,७२० |

३० **बढी मु.अ.कर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी गर्न आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको कार्यको निर्माण गरेवापत उपभोक्ता समितिलाई विभिन्न निर्माण सामाग्रीको विजकभन्दा बढी दरमा लागत अनुमान तयार गरी सोको आधारमा रकम भुक्तानी गर्दा मु अ करवापत बढी भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | उ.स. को नाम | भुक्तानी आइटम | भुक्तानी परिमाण | भुक्तानी दर | विजक पेश भएको दर | बढी मु अ कर भुक्तानी |
|---|---|---|---|---|---|---|
| २/२०८०/६/२५ | त्रिवेणी खोला ट्रष्ट | सिमेन्ट | १५४ बोरा | ९६०.५ | ५५० | ६७९६ |
| ७/२०८०/९/२४ | हाइमखोला झो.पु. | सिमेन्ट | ३८२ बोरा | ९६०.५ | ५४८.६७ | १६४१० |
| २३/२०८१/२/३० | इन्द्रवाङ खोला ट्रष्ट पुल | सिमेन्ट | १२४ बोरा | ९६०.५ | ५४७ | ५५२७ |
| १५/२०८१/३/१९ | कुन्पासांघार लघु ऊर्जा निर्माण उ.स. | सिमेन्ट | १०५ बोरा | ९०२ | ६०० | ३०५७ |
| | | डण्डी | ५७० केजी | ११५ | ९६ | १४०८ |
| १९६/२०८१/३/१७ | ग्रामभिम कोरल त्रिवेणी खोला भालुखोला गौरीचौर सडक निर्माण उ.स. | सिमेन्ट | ६०० बोरा | ९०२ | ४८५ | २७६०८ |
| | | डण्डी | २५९१ केजी | ११५ | ९४ | ७०७३ |
| जम्मा | | | | | | ६७८७९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,८७९ |

३१ **गोरिचौर सेलिखर्क खानेपानी तथा सरसफाइ आयोजना**

३१.१ पालिकाले संघीय सशर्त विशेष अनुदान अन्तर्गत गोरिचौर सोलिखर्क खानेपानी तथा सरसफाई योजना संचालन गर्नको लागि संघीय सरकारबाट रु. ११५००००० प्राप्त भएकोमा माथी उल्लेखित योजनाको लागि पहिलो पटक रु. १५०५२०५७.९० को लागि ठेक्का आव्हान गरेकोमा रु. ९७९१५५६.७६ कवोल गर्ने लक्ष्मी निर्माण सेवा लाई प्रथम रनिङ्ग विल बापत गो भौ नं १८।०८१।१।२७ बाट रु. २७०८८४३.४६ र अन्तिम विल बापत गो भौ नं २७।०८१।३।१९ बाट रु. ७०२५३२४.२७ गरी कुल रु. ९७३४१६७.७३ भुक्तानी गरेको श्रेस्ता परिक्षण गर्दा निम्न देखियो ।

क) सामाग्री खरिद कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड बापत १५ % रकम जोडि लागत अनुमान तयार गरी सोहि अनुसार ठेक्का आव्हान गरी निर्माण व्यवसायी लक्ष्मी निर्माण सेवा लाई रु २८२५७३० को सामान खरिदमा ओभरहेड वापत भुक्तानी दिएको छ ।

३१.२ खरिद सम्झौता अनुसार कार्यदेश प्राप्त भएको ७ दिन भित्र निर्माण कार्यका आधारभुत प्रकृया पुरा गरी निर्माण कार्य सुरु गर्ने गरी सम्झौता गरेकोमा निर्माण कार्य सुरु गर्नुपूर्व बिमा गरी कार्य सुरु गर्नुपर्नेमा निर्माण कार्य सम्पन्न भइसकेपछि अन्तिम भुक्तानी लिने बखत २०८१।३।७ मा जारी भएको बिमाको बिजकबाट रु. ५३४४०.३२ भुक्तानी भएकोमा प्रयोजनविहिन तवरले भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,४४० |

३२ **बैदशिक भ्रमण खर्च**

स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ दफा ४ अनुसार गाँउपालिका अध्यक्षको वैदेशिक भ्रमणको मनोनयन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीबाट हुने व्यवस्था रहेको छ। पालिकाले भौ.नं.७५७ मिति २०८१।०३।२३ बाट अध्यक्ष सुकबहादुर बुढामगरलाइ दक्षिण कोरियामा क्षमता विकास तथा अनुभव आदान प्रदान कार्यक्रममा सहभागी भएको भनी दैनिक तथा भ्रमण खर्च बापत रु. २८३७४९ खर्च लेखेको छ। पालिकाले निर्देशिकाअनुसार भ्रमण आदेश स्विकृत नगरी दातृ निकायको सोझो निमन्त्रणाको आधारमा क्षमता विकास तथा अनुभव आदान प्रदान कार्यक्रममा सहभागि भएवापत अनियमित तरिकाले भुक्तानी दिएको रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३२.१ | सुक बहादुर बुढा मगर | २८३,७४९ |

| | |
|---|---|
| अनियमित भएको | २,८३,७४९ |

३३ **रोयल्टी**

लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसूची ६ बमोजिम पहाडका जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा, ग्राभेल प्रति क्युव फिट रु.६ र माटो संकलनमा प्रति क्युव फिट रु.३ का दरले शुल्क लगाइ असुल गरिने ब्यबस्था छ। स्थानीय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उतखनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्यु फिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ। पालिका भित्रका विभिन्न निर्माण कार्यमा प्रयोग हुने माटो, ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइको आधारमा खरिद गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गर्नुपर्दछ।

३४ **झोलेङ्गे पुलतर्फ : फरक नर्म्स**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी गर्न आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारका झोलुङ्गे पुल निर्माण गर्दा पालिकाको स्वीकृत दरभन्दा बढी दरमा साविकको डोलिडारको नर्म्स प्रयोग गरी भुक्तानी भएको रकमलाई नियमित गरी तथा नभएको कार्यको समेत भुक्तानी भएको देखिएको हुँदा उक्त रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | झो.पु. को नाम | भुक्तानी आइटम | स्वीकृत दर | भुक्तानी दर | बढी दर | कैफियत |
|---|---|---|---|---|---|---|
| २/२०८०/६/२५ | त्रिवेणी खोला ट्रष्ट | एक्साभेसन (२२.१७ घ.मि.) | ५६० | ११९० | १३९६७ | अनियमित |
| | | ढुवानी वापत भुक्तानी रकम | | | १३६८३.०५ | अनियमित |
| | | व्यवस्थापन खर्च वापत (विल भरपाई पेश नभएको) | | | ५४८९४ | असुल |
| ७/२०८०/९/२४ | हाइमखोला झो.पु. | एक्साभेसन (३२.१२ घ.मि.) | ५६० | ११९० | २०२३५ | अनियमित |
| | | ढुवानी वापत भुक्तानी रकम | | | ३९५५० | अनियमित |
| जम्मा | | | | | १४२३३० | |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३४.१ | त्रिवेणी खोला ट्रष्ट निर्माण उ स | ८२,५४४ |
| ३४.२ | हाइमखोला झो पु निर्माण उ स | ५९,७८५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४२,३२९ |

३५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.५७ लाख ७८ हजार प्राप्त गरेकोमा पालिकाले राजश्वका स्रोतको उचित विश्लेषण गरी आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ० | ९.८४ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १५, ०५ , ०००.०० | १५, ०८ , ५३८.०७ |
| ३ | ११३१७ | वहाल कर | ४०,०००.०० | १, २४ , ००७.८१ |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ० | २,२००.०० |
| ५ | ११४७९ | अन्य मनोरञ्जन कर | ० | ५,०००.०० |
| ६ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | ३,०००.०० |
| ७ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | २,४००.०० |
| ८ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५५,०००.०० | १, ३६ , ७७५.०० |
| ९ | ११६९१ | अन्य कर | ८, ०० , ०००.०० | ५१,९२०.०० |
| १० | १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | ० | ० |
| ११ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १२, ०० , ०००.०० | ११, ३७ , ५६१.०० |
| १२ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ० |
| १३ | १४२१८ | विद्युत सेवा शुल्क | ० | ४०० |
| १४ | १४२२१ | न्यायिक दस्तूर | २०,०००.०० | ८,०००.०० |
| १५ | १४२२४ | परीक्षा शुल्क | ० | ४,२००.०० |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३, ५० , ०००.०० | ७, ३४ , ०५९.४९ |
| १७ | १४२४२ | नक्सापास दस्तुर | ० | ३९,८५८.९६ |
| १८ | १४२४३ | सिफारिश दस्तुर | ९, ०५ , ०००.०० | १०, ९६ , ०३०.०० |
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १, ०५ , ०००.०० | ३, ८२ , ३००.०० |
| २० | १४२४५ | नाता प्रमाणित दस्तुर | १, ०५ , ०००.०० | ५९,३००.०० |
| २१ | १४२४९ | अन्य दस्तुर | १, ०५ , ०००.०० | २, ७९ , ९९७.७० |
| २२ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १, ०५ , ०००.०० | ३७,५००.०० |
| २३ | १४५२९ | अन्य राजस्व | ० | ३,३००.०० |
| २४ | १४६११ | व्यवसाय कर | २, ०५ , ०००.०० | ६३,३५०.०० |
| २५ | १५१११ | बेरूजू | ० | ९९,२६६.०० |
| जम्मा | | | ५५, ०० , ०००.०० | ५७, ७८ , ९७३.८७ |

## ३६ घरजग्गा बहाल कर

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु.१५ लाख ८ हजार संकलन भएको देखिन्छ । पालिकाले वहाल

कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

३७ **राजश्व अभिलेख**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प.फा. नं. २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अतः नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

३८ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रु.२ लाख ५ हजारको अनुमान गरी जम्मा रु.७० हजार प्राप्त भएको छ । पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

३९ **राजश्व परामर्श समिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अतः नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ ।

४० **पालिकाको राजश्व**

पालिकाले राजश्व संकलन, लेखांकन र प्रतिवेदनको लागि स्थानीय सन्चित कोष व्यवस्थापन प्रणाली (Sutra) प्रयोग गरेको छ । उक्त प्रणालीवाट तयार भएको राजश्वको वार्षिक प्रतिवेदनअनुसार वडागत राजश्वको अवस्था यसप्रकार छ।

| क्र. सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | गाँउपालिका | २८१५८४८।३४ |
| २ | वडा नं १ | ४८६७७१।९१ |
| ३ | वडा नं २ | ६२२०४९।९१ |
| ४ | वडा नं ३ | ४३२१००।४९ |
| ५ | वडा नं ४ | ५०७३६३।९७ |
| ६ | वडा नं ५ | ५६८०७६।७९ |
| ७ | वडा नं ६ | ३४६७६२।४७ |
| **जम्मा** | | **५७७८९७३।८७** |

पालिकाले संकलन गरेको राजश्वको शिर्षकगत प्रतिवेदनअनुसार मालपोत/भुमिकरवाट १५,०८,५३८, सरकारी सम्पत्तीको वहालबाट प्राप्त आयवाट रु. ११,३७,५६१, अन्य प्रशासनिक सेवा शुल्कवाट ७,३४,०५९ र अन्य शीर्षकहरुवाट बाँकि रकम आम्दानी भएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परिक्षणवाट तोकिएका परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य बस्तुको विक्रि गर्नसक्ने व्यवस्था छ । पालिका क्षेत्रमा ढाङ्गढुङ्गगार, दुईखोली, स्यानीगाढ, चुनबाङ्ग खोला भएकोमा पालिकाले ऐनको प्रक्रिया पुरा गरी आन्तरिक आय वृद्धिका लागि ढुङ्गा, गिट्टी, बालुवा बिक्रीको लागि ठेक्का लगाउनुपर्नेमा सो गरेको छैन। यसबाट पालिकाको आम्दानि गुमेको छ । तसर्थ पालिकाले ऐनको प्रक्रिया पुरा गरी आन्तरिक आय वृद्धिको लागि प्रारम्भिक वातावरणीय परिक्षण गरी ठेक्का प्रक्रियामा जानुपर्दछ ।

४१ **कर्मचारीलाई सञ्चार सुविधाः**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानिय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था रहेको छ । निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० मा राजपंत्राकित तृतिय तहको तथा सहायक तहका कर्मचारीलाई संचार सुविधा उपलब्ध गराउन पाउने व्यवस्था रहेको छैन । पालिकाले कर्मचारीको सेवा सुविधा सम्बन्धी कानून समेत तयार गरी शाखा प्रमुखलाई मासिक रुपमा रु.१००० संचार खर्च उपलब्ध गराएको छ । पालिकाले संघीय कानून अनुसार खर्च लेखी मितव्ययिता कायम गर्नुपर्दछ ।

४२ **फिल्ड भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै कार्यको लागि अनावश्यक रुपमा दोहोरो खर्च भए नभएको एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले नियमित रुपमा फिल्डमा गई काम गर्नु नपर्ने पशु प्राविधिकलाई मासिक रुपमा फिल्ड भत्ता पालिका र मातहतका वडा कार्यालयमा कार्यरत प्राविधिकको लागि सरकारी सवारी साधन, इन्धन र मर्मत खर्च उपलब्ध गराइरहेको अवस्थामा कार्यपालिकाको निर्णयअनुसार सव-इन्जिनियर १ जनालाई मासिक रु.१३००० र अन्य अ.सव-इन्जिनियर र खा.पा.स.टे. गरी ४ जनालाई मासिक रु.१०००० का दरले वार्षिक रुपमा रु.७ लाख ८० हजार भुक्तानी भएको छ। पालिकाले आगामी दिनमा दोहोरो सुविधा नपर्ने गरी कार्य सम्पादनका आधारमा प्रोत्साहन भत्ता वितरण गरी यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४३ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आए/नआएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

४४ **इन्धन खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(४) अनुसार सार्वजनिक निकायले बजेट फ्रिज हुन नदिने हेतुले वर्षान्तमा पेस्की दिने वा खरिद गर्ने कार्य गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले वर्षान्तमा ब्याक्होलोडर लागि आवश्यक पर्ने ३८०० लि. (प्रति लि. रु.१४३.३६) इन्धन खरिद गरेको भनी गो.भौ.नं. ७२२/२०८१/३/२१ बाट श्री जलजला आयल ट्रेड सेन्टरलाई रु.६१५५८७.८४ भुक्तानी भएको छ । पेट्रोलियम पदार्थ जस्तो अति ज्वलनशील पदार्थलाई वर्षायाममा आवश्यक पर्ने भनी खरिद गरी संचय गरेको देखिएकोले आगामी दिनमा वर्षान्तमा खरिद गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

४५ **लक्षित वर्ग केन्द्रित कार्यक्रमः**

पालिकभित्र लक्षित समुदायका लागि आर्थिक, सामाजिक तथा विकासात्मक कार्यक्रम सञ्चालन गरी लक्षित वर्ग समुदायका व्यक्तिहरुको जीवनस्तर उकास्न निर्धारित तथा विनियोजित सबै कार्यक्रम एवं क्रियाकलापहरुको समन्वयात्मक रुपमा कार्यान्वियन गर्दै सामाजिक न्याय र समानता कायम गर्नका लागि लक्षित समुदाय कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ निर्माण गरेकोमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

क) कार्यविधिमा लक्षित वर्गका कार्यक्रमहरु सञ्चालनमा सहयोग र समन्वय गर्नका लागि पालिकाका अध्यक्षको संयोजकत्वमा लक्षित समुदायका प्रतिनिधि उपाध्यक्ष रहने गरी ८ वटा पालिकास्तरीय समन्वय समिति गठन गरेको छ । जसमा उपाध्यक्षको हकमा मासिक निर्वाह खर्चको रुपमा रु.५००० (अक्षरुपी पाँचहजार रुपैंया) उपलब्ध गराउने उल्लेख छ । पालिकाको संगठन संरचना तथा दरवन्दी तेरिजमा सामाजिक विकास शाखा रहेको र बार्षिक बजेट तर्जुमा गर्दा लक्षित वर्ग समुदायसँग छलफल गरी बजेट तर्जुमा गर्ने प्रक्रिया समेत रहेको अवस्थामा समन्वय समितिको रुपमा छुट्टै संरचना तयार गरी मासिक निर्वाह भत्ता उपलब्ध गराउनु नियमसंगत नदेखिएको रु.

ख) सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार अनुदान वापत वितरण गरिने अवस्था सार्वजनिक निकायले लागत अनुमान तयार गरी खरिद नियायमावली अनुसार मुल्य सूचि निर्धारण गरी लाभग्राहीको यकिन गरी उनिहरुको योगदान वापतको रकम पालिकामा जम्मा गर्न लगाई रकम भुक्तानी गर्नुपर्नेमा लाभग्राहीको छनौट नगरी वर्षान्तमा कृषि प्रवर्द्धनको कार्यक्रम संचालन नगरी कृषकले पेश गरेको विजकको आधारमा उक्त विजकको ७० प्रतिशतका दरले नगदै अनुदानबापतको रकम भुक्तानी भएको हुदा वितरित रकमकों सहि सदुपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरेको भनि भत्ता भुक्तानी गरेको प्रतिवेदनमा खुलाएको देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ४,८०,००० |

४६ **सामाजिक सुरक्षा भत्ताः**

४६.१ पालिकाले यस बर्ष सामाजिक सुरक्षा शीर्षकमा रु.११ करोड २३ लाख ६५ हजार निकासा दिई रु.११ करोड २३ लाख लाभग्राहीलाई वितरण गरी रु.६५ हजार फिर्ता गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

४६.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । नमुनागत रुपमा केहि लाभग्राहीको भत्ता वितरण कार्यलाई परिक्षण गर्दा निम्नानुसारको व्यक्तिको नाममा दोहोरो निकासा भएको देखिएकोले उक्त रकम पालिकाले छानविन गरी दोहोरो भुक्तान भएको रकम संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

| Social Assistance Type Name | Ward No. | Personal Id | Member Name | Father Name | Amount |
|---|---|---|---|---|---|
| Senior citizen’s allowance-Others | 1 | 2008010125202 | PYAUMALI BUDHA | Lale Budha Magar | 12000 |
| Senior citizen’s allowance-Others | 1 | 2008121054432 | Pyaumali Budha | Lale Budha | 12000 |
| Senior citizen’s allowance-Others | 6 | 2004041301656 | RIULI BUDHA | Dhansing Gharti | 7097 |
| Senior citizen’s allowance-Others | 6 | 2011100509402 | Riuli Budha | Dhansing Gharti | 4000 |
| Widow | 6 | 2038021802444 | ASAMITA BUDHA | Ganga Prasad Gharti | 7980 |
| Widow | 6 | 2038021802291 | Asamita Budha | Ganga Prasad Gharti | 7980 |
| Senior citizen’s allowance-Others | 1 | 2008010125202 | PYAUMALI BUDHA | Lale Budha Magar | 12000 |
| Senior citizen’s allowance-Others | 1 | 2008121054432 | Pyaumali Budha | Lale Budha | 12000 |

४७ **डाँटा भिडानः**

पालिकाले सामाजिक सुरक्षाको विवरण तयार गर्दा आ.व. २०७९।८० मा अन्तिममा कायम भएको लाभग्राहीलाई आ.व. २०८०।८१ को सुरुमा जिम्मेवारी सारी त्यसमा लगत कट्टाको विवरण कट्टी गरी नया थप विवरण गरी नयाँ लागभ्राहीको विवरण तयार गरी भुक्तानी दिनुपर्नेमा पालिकाले तयार गरेको निम्न अनुसारको डाँटा फरक परेको हुँदा पालिकाले छानविन गर्नुपर्दछ ।

| लक्ष्य समूह | गत वर्षको अन्तिम त्रैमासिकमा कायम रहेका लाभग्राहीको संख्या | यस आ.व. मा नवीकरण भएको संख्या | फरक संख्या |
|---|---|---|---|
| अन्य ज्येष्ठ नागरिक भत्ता | १२२३ | १२१५ | ८ |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | ९९ | ९९ | ० |
| ज्येष्ठ नागरिक एकल महिला | १८६ | १८६ | ० |
| विधवा | ३२२ | ३२२ | ० |
| पूर्ण अपांगता भत्ता | २३ | २४ | १ |
| अति अशक्त अपांगता भत्ता | १०१ | १०१ | ० |
| क्षेत्र तोकिएका बालबालिका | १९०४ | १८५५ | ४९ |
| दलित बालबालिका | २५६ | २५० | ६ |
| जम्मा | ४११४ | ४०५२ | ६४ |

४८ **दोहोरो दैनिक भ्रमण भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै कार्यको लागि अनावश्यक रुपमा दोहोरो खर्च भए नभएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गा.पा. अध्यक्षलाई मिति २०८०।८।२ देखि २०८०।८।८ सम्म काठमाडौं भ्रमण गएको भनी गो.भौ.नं. १७६/२०८०/९/२६ बाट रु.११२५० भुक्तानी भएकोमा पुनः सो मितिसँग खप्टने गरी २०८०।८।४ देखि २०८०।८।१० सम्म दाङ जिल्लामा भ्रमण गएको भनी मिति २०८०।८।४ देखि २०८०।८।८ सम्म ५ दिन दोहोरो भ्रमण भत्ता वापत रु.९००० भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००० |

४९ **स्थानीय भत्ताः**

सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७, मिति २०७४।१।२५ को पत्रानुसार करारका कर्मचारीलाई स्थानीय भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ । पालिकाले करारमा व्यवस्था गरी का.स. श्री हर्कलाल वलीलाई नियम विपरीत स्थानीय भत्ता वापत मासिक रु.२२४० का दरले १२ महिनाको रु.२६८८० भुक्तानी दिएको रकम नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २६,८८० |

५० **जेसी अडिटः**

५०.१ पालिकाले मिति २०८१।२।१८ र १९ गते संचालन भएको जेसी अडिट कार्यक्रम संचालन गरेको भनी गो.भौ.नं. ६३९/२०८१/३/१५ बाट ललित कुमार बुढामगरलाई रु.५१८०५ र शोभाराम डाँगीलाई रु.३२३०० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसार देखियो ।

५०.२ प्रशिक्षक शोभाराम डाँगीलाई ६ सेसनको प्रति सेसन रु.२५०० का दरले प्रशिक्षक भत्ता भुक्तानी भएकोमा प्रशिक्षकले प्रशिक्षण वापतको कार्यपत्र संलग्न गरेको नदेखिएकोले कार्यपत्र पेश गर्ने अन्यथा कर बाहेक भुक्तानी भएको रु.१२७०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,७०० |

५१ **छात्रवृत्तिः**

पालिकाले विपन्न विद्यार्थीहरुलाई उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यका कृषि प्राविधिक, चिकित्साशास्त्र, अंग्रेजी, गणित र विज्ञान अध्ययन गर्ने २९ जना विद्यार्थीहरुलाइ बार्षिक रु.१८ लाख ६० हजार छात्रवृत्ति उपलब्ध गराएको छ । चिकित्साशास्त्र

अध्ययन गर्ने विद्यार्थीलाई अध्ययन पश्चात स्वयं सेवा गर्नुपर्ने गरी करार गरेको भएता पनि अन्य विद्यार्थीको हकमा अध्ययन पश्चातको स्वयंसेवा बारे कुनै उल्लेख गरेको देखिएन। पालिकाले उपलब्ध गराएको छात्रवृत्ति रकमबाट अध्ययन पश्चात आफ्नो विशेषज्ञतालाई पालिकाको शैक्षिक उन्नयन हुने गरी छात्रवृत्ति करार गर्नुपर्ने देखिन्छ।

५२ **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताः**

विद्यालय तहमा अध्ययनरत विद्यार्थी (खेलाडी) हरुलाई खेल कौशल प्रदर्शन गर्ने अवसर प्रदान गर्न र अनुशासित, मर्यादित र व्यवस्थित बनाउन बार्षिक रुपमा हुने राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता र पालिकामा अध्यक्ष कप आयोजना गरी रु.२५ लाख ४५ हजार खर्च भुक्तानीमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० बमोजिम विद्यालयस्तरबाट पालिकाले प्रतियोगितामा सहभागी हुने खेलहरुको संख्या एकिन गरी सोही बमोजिम खेलाडी, प्रशिक्षक र व्यवस्थापकको संख्या निर्धारण गरी प्रतियोगिताको खर्चलाइ मितव्ययी बनाउनुपर्नेमा खेलकुद कार्यमा खर्च भएको एकमुष्ट बिल भरपाई पेश गरी खर्च लेखेको छ । यसबाट खर्च गरिएको रकम खेलाडीको (विद्यार्थी) सुविधामा खर्च भए नभएको एकिन हुन सकेन ।

• राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता मार्फत खेल कौशल प्रवर्द्धन भैरहेको अवस्थामा पालिकाले पुन सोही प्रकृतिको खेलहरु पालिका अध्यक्ष कप मार्फत संचालन गर्दा व्यवस्थापन खर्च दोहोरो पर्ने हुँदा खेलकुद प्रतियोगितामा एकीकृत प्रणालीबाट संचालन गरी खर्च व्यवस्थापनमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

५३ **दोहोरो भत्ताः**

गो.भौ.नं. ६३८।२०८१।०३।१५ मा कर्मचारीलाई क्षमता विकास तालिम सञ्चालन गरेको र गो.भौ.नं. ६३९।२०८१।०३।१५ मा बार्षिक समीक्षा, सार्वजनिक सुनुवाइ कार्यक्रम र लिजा सम्बन्धी आवश्यक अभिमुखीकरण कार्यक्रम क्रमशः २०८१।०२।१७, १८ र १९ गते संचालन गरेकोमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

• पालिकाले संचालन गरेका दुइवटै कार्यक्रममा एउटै प्रशिक्षक मार्फत प्रशिक्षण लिएको भएतापनि यातायता खर्च दोहोरो भुक्तानी लिएको रु.४००० असूल गर्नुपर्ने रु.

• लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को मापदण्ड भन्दा बढी ६ वटा दोहोरो प्रशिक्षण भत्ता रु.१२७५० बाह्य प्रशिक्षक शोभाराम डाँगीबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,७५० |

५४ **परामर्श सेवा खरिदः**

५४.१ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि. आर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ। यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| गो.भौ.नं र मिति | डि पि आर | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ३३४/२०८०/१२/२ | ५ वर्षिय आवधिक योजना तयार | माडी कन्सल्टेन्सी प्रा.लि. | १४८१९९५ |
| ४/२०८०/९/२६ | १५ शैया अस्पताल | श्री जलजला कन्सल्टेन्सी प्रा.लि. | १९९५५८० |
| ७२०/२०८१/३/३१ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयारी | श्री आदिवासी प्राज्ञिक प्रतिष्ठान | ९९८९२० |
| जम्मा | | | ४४७६४९५ |

५४.२ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा

पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

५४.३ परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ३० प्रतिशत इन्सेप्सन रिपोर्ट पेश भएपछि, ४० प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ३० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

५४.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भवन लगायतका अन्य विभिन्न कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ।

५४.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ ।

## ५५ नाफामूलक संस्थालाई भुक्तानी:

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार नाफा मूलक संस्थालाई अनुदान दिन सक्ने व्यवस्था गरेको देखिँदैन । पालिकाले निम्नानुसारका नाफा मूलक संस्थालाई अनियमित तरिकाले अनुदान दिने प्रवृत्तिमा सुधार गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | नाफा मुलक संस्थाको नाम | क्रियाकलाप | भुक्तानी रकम |
|---|---|---|---|
| २४५/२०८०/११/१ | बीएम नर्सरी उद्योग | फुलको विरुवा खरिद तथा नर्सरी निर्माण | १५०००० |
| | | अनियमित भएको | १,५०,००० |

## ५६ तेक्वान्दो खेल सन्चालन

५६.१ पालिकाले गाउँपालिकामा राष्ट्रिय स्तरको तेक्वान्डो खेलकुद आयोजना गरेको भनी गो.भौ.नं. ४९६/२०८१/२/२० बाट रोल्पा आइटीएफ तेक्वान्डो संघलाई रु.५००००० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

५६.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) अनुसार सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसकेमा कुनै व्यक्ति/फर्म/संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्ने व्यवस्था रहेको छ । पालिकाले खरिद कानून अनुसार माथि उल्लेखित खेलकुद संचालनको लागि पालिकामा उपलब्ध जनशक्तिबाट उक्त कार्य गर्न नसक्ने अवस्थाको निर्क्योल गरी लागत अनुमान तयार गरी परामर्शदाता छनौट गरी कार्य गराउनुपर्नेमा सो नगरी रोल्पा आइटीएफ तेक्वान्डो संघलाई सिधै रकम भुक्तानी दिने कार्य उपयुक्त नदेखिएको हुँदा आगामी दिनमा खरिद कानून अनुसार कार्य गर्नु गराउनुपर्दछ ।

५६.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्नेमा माथि उल्लेखित कार्यक्रमको लागि कुन कुन दिनमा कति खेल संचालन गर्दा कति खर्च लाग्छ सोको लेखाजोखा नगरीकनै रोल्पा आइटीएफ तेक्वान्डो संघले आधिकारित प्रमाण कागजात बेगर पेश गरेको विल विजकको आधारमा रकम भुक्तानी गर्ने नियमसम्मत नदेखिएकोले आगामी दिनमा लाभ लागतको विश्लेषण गरी लागत अनुमान तयार गरी सोको आधारमा कार्य गर्नुपर्दछ ।

५७ **व्यक्तिगत प्रयोजनको लागि दैनिक भ्रमण भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(ख) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको विषय सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो.भौ.नं. बाट पदाधिकारीहरु नितान्त व्यक्तिगत कार्यको लागि कार्यक्षेत्र बाहिर जाँदा समेत दैनिक भ्रमण भत्ता बुझेको देखिएकोले नियम विपरीत हुने गरी व्यक्तिगत प्रयोजनको लागि सरकारी रकम खर्च भएको असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | पदाधिकारीको नाम | भ्रमण गरेको स्थान | भ्रमणको उद्देश्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| २१५/२०८०/१०/२२ | वडा नं. ५ का अध्यक्ष दिल बहादुर वली | बुटवल | स्वास्थ्य उपचारको लागि | ७८७५ |
| १४३/२०८०/९/२४ | वडा नं. २ का अध्यक्ष हरि प्रसाद बुढामगर | काठमाडौं | स्वास्थ्य उपचारको लागि | ७८७५ |
| जम्मा | | | | १५७५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,७५० |

५८ **दोहोरो भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै कार्यको लागि अनावश्यक रुपमा दोहोरो खर्च भए नभएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेशस्तरीय बहुक्षेत्रीय पोषण कार्यक्रममा पोषण सहजकर्ता अनिसा घर्तिमगर र सि.अनमी नन्दा बुढामगरलाई मिति २०८०/६/२८, २९ र ३० गते कार्यक्रम प्रआयोजकले गाँसवासको व्यवस्था गरेको अवस्थामा उक्त ३ दिनको २ जना कर्मचारीलाई दोहोरो दैनिक भ्रमण भत्ता हुने गरी भुक्तानी भएको रु.८१६० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१६० |

५९ **लक्षित कार्यक्रमः**

५९.१ पालिकाले मगर भाषालाई संरक्षण र सम्वद्धन गर्न भाषिक संरक्षण सम्बन्धी २ दिने तालिम ६ वटा वडामा संचालन गरेवापत गो.भौ.नं. ५९६/२०८१/३/१२ बाट लक्षित कार्यक्रम समितिलाई रु.१४४९८० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

५९.२ प्रशिक्षक श्री खेम बहादुर बुढाले ८ सेसनको प्रति सेसन रु.२२०० का दरले कार्यपत्र पेश नगरीकनै भुक्तानी भएकोले कार्यपत्र पेश गर्ने अन्यथा उक्त रकम रु.१७६०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,६०० |

६० **स्थानीय पाठ्यक्रम निर्माणः**

पालिकाले गाउँपालिका कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण बजेट शीर्षकमा विनियोजन भएको बजेटबाट मगर भाषाको कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम तयारी तथा कक्षा १ को स्थानीय पुस्तक तयारी गरेवापत गो.भौ.नं. ७२०/२०८१/३/२१ बाट मगर आदिवासी प्राज्ञिक प्रतिष्ठानलाई रु.९९८९२० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्नेमा माथि उल्लेखित कार्यक्रमको लागि कुन कुन जनशक्ति कति दिन प्रयोग भई उक्त परियोजना सम्पन्न हुने हो सोको लेखाजोखा नगरिकनै मगर आदिवासी प्राज्ञिक प्रतिष्ठानले पेश गरेको प्रस्तावको आधारमा सम्झौता गरी उही

प्रतिष्ठानले पेश गरेका विभिन्न विल भरपाईका आधारमा रकम भुक्तानी गर्ने नियमसम्मत नदेखिएकोले आगामी दिनमा लाभ लागतको विश्लेषण गरी लागत अनुमान तयार गरी सोको आधारमा कार्य गर्नुपर्दछ ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) अनुसार सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसकेमा कुनै व्यक्ति/फर्म/संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्ने व्यवस्था रहेको छ । पालिकाले खरिद कानून अनुसार माथि उल्लेखित पाठ्यक्रम निर्माण तथा पुस्तक तयारीको लागि पालिकामा उपलब्ध जनशक्तिबाट उक्त कार्य गर्न नसक्ने अवस्थाको निर्क्योल गरी लागत अनुमान तयार गरी परामर्शदाता छनौट गरी कार्य गराउनुपर्नेमा सो नगरी मगर आदिवासी प्राज्ञिक प्रतिष्ठानलाई काम दिएको पाइयो ।

ग) पालिकाले गो.भौ.नं. ११६/२०८१/३/२० बाट कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम छपाई गरेको भनी कानून प्रिन्टिङ प्रेसलाई रु.३९५५०० भुक्तानी भएकोमा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट माथि उल्लेखित योजनामा समावेश गरी खरिद गर्नुपर्नेमा सो नगरेको देखिएकोले आगामी दिनमा खरिद कानून अनुसार खर्च गर्नुपर्दछ ।

६१ **प्रविधि हस्तान्तरण:**

पालिकाले समाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण शीर्षकमा रु. १४०००० र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरउन्नती (तालिम कार्यक्रम) बाट रु.१४४००० गरी गो.भौ.नं. २६३/२०८१/३/१५ बाट प्रविधि हस्तान्तरण बापत रु.२८४००० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

क) प्रविधि हस्तान्तरण अन्तर्गत विभिन्न मेसिनरी औजार तथा च्यापकटर खरिद गरी वितरण गरेकोमा सामाग्रीको स्पेसिफिकेशन र सामाग्री परीक्षणको प्रतिवेदन पेश नगरी खर्च लेख्ने काम नियमसम्मत नभएको हुँदा आगामी दिनमा मेसिनरी औजारको स्पेसिफिकेशन र गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

ख) प्रविधि हस्तान्तरणमा विनियोजन भएको रकमबाट ढुवानीमा खर्च गर्न नपाइनेमा ढुवानी वापत रु.२०६०० संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,६०० |

६२ **बढी ग्रेड भुक्तानीः**

कार्यालयले विद्यालयका शिक्षकहरुलाई स्विकृत तलबी प्रतिवेदनअनुसार तलब भुक्तानी गर्नुपर्नेमा दिव्यज्योति माद्यमिक विद्यालय माईस्थानका शिक्षक श्री नवराज डाँगीको तलबी प्रतिवेदन (शैक्षिक सत्र २०८०) २०८० बैशाखबाट ६ ग्रेड पाउने गरी पास भएकोमा सो अवधिमा पालिकाले ७ ग्रेड (गो भौ नं २, २०८०।६।२६, ११७, २०८०।११।२५) भुक्तानी दिएकोले दिएकोले बढी भुक्तानी दिएको रकम रु. १५०५४ (११५८*१३) असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०५४ |

६३ **कार्यपत्रः**

६३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी गर्न आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडलमा नयाँ लघु उद्यमी सृजना गर्ने कार्यक्रम अन्तर्गत वडा नं. ५ र ४ मा मेडमेडेल अनुरुप उद्यमशीलता विकास तालिम मिति २०८०।११।१४ देखि २०८०।११।२१ सम्म संचालन गरेवापत गो.भौ.नं. १५७/२०८१/१/१२ बाट रु.६४४०० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

६३.२ आन्तरिक प्रशिक्षक झक्कु डाँगीलाई १६ दिनको प्रति दिन २ कक्षाका दरले रु.१६००० भुक्तानी भएकोमा कार्यपत्र पेश नभएकोमा कार्यपत्रको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,००० |

६३.३ आन्तरिक प्रशिक्षक मनिषा घर्तिमगरलाई १६ दिनको प्रति दिन २ कक्षाका दरले रु.१६००० भुक्तानी भएकोमा कार्यपत्र पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,००० |

६४ **राजश्व बाँडफाटबाट शिक्षक तलबभत्ताः**

पालिकाले यस वर्ष कार्यपालिकाबाट निर्णय गरी माध्यमिक तहतर्फ ८ वटा विद्यालयलाई ९ वटा शिक्षक दरबन्दीको मासिक रु.२६००० ले रु.२३४०००, निम्न माध्यमिक तहतर्फ १७ वटा विद्यालयलाई ३१ वटा शिक्षक दरबन्दीको मासिक रु.२१००० ले रु.६५१०००, प्राथमिक विद्यालयतर्फ २९ वटा विद्यालयलाई ४८ वटा शिक्षक दरबन्दीको मासिक रु.२०००० ले रु.९६०००० र बालविकासतर्फ १२ वटा विद्यालयलाई १२ वटा बालबिकास शिक्षक दरबन्दीको मासिक रु.१०००० ले रु.१२०००० गरी कुल जम्मा रु.२५५४५००० खर्च गरेको छ । नियमानुसार विद्यालयको शिक्षक विद्यार्थी अनुपात र भौगोलिक अवस्थाको आधारमा विद्यालयलाई एक आपसमा समायोजन गरी चालु खर्चमा कटौती गर्नुपर्दछ ।

६५ **रोजगारी सृजना कार्यक्रमः**

६५.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र रोजगार सृजनाको कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि युवा रोजगारको लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन), २०७९ तयार गरेको छ । यस कार्यक्रमका लागि रु.५३ लाख १६ हजार बजेट विनियोजन भई रु.५२ लाख ३२ हजार निकासा भई पालिका मातहतका ७ वडामा १६ वटा योजना सञ्चालन गरी यस वर्ष ८०७ जना महिला र ३०० जना पुरुष गरी जम्मा ११०७ जना सूचीकृत भएकोमा जम्मा ९० जनालाई औषत ८७ दिन रोजगारी उपलव्ध गराई रु.५२ लाख ३२ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएको र लागत अनुमानमा श्रम ज्याला वापत एकमुष्ठ रुपमा रकम खर्च गरेकोले उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६५.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) अनुसार अधिकारी प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून अनुसार भए/नभएको, उपयुक्त प्रमाण कागजात भए/नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका विभिन्न वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न बाटो खन्ने तथा मर्मत कार्यको लागि विभिन्न योजनाहरु संचालन गरी सम्बन्धित स्वयंसेवक श्रमिकलाई रकम भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा एकै किसिमका नरम माटो कटाई, नरम चट्टान कटाई, कडा चट्टान कटाई र सोलिङ तथा सुख्खा गारो निर्माण भनी क्रमशः प्रति घन मिटर रु.४०१, रु.६०७, रु.२५८०, रु.३५०१ र रु.४५३३ का दरले भुक्तानी भएकोमा क्रस सेक्शनल नापी किताव पेश नभएको साथै माटो र चट्टान कटाईको प्रमाण पेश नगरी भुक्तानी दिने कार्य नियमित नभएको हुँदा उक्त कार्यको प्रमाणका कागजात पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम र वडा नं. | माटोको परिमाण (घन मिटर) | | नरम चट्टान | सोलिङ | सुख्खा गारो | श्रमिक संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | नरम | कडा | | | | | |
| २३८/२०८१/३/७ | मादिवाङ जङ्कुल जगा हुँदै बरपु हमुधारा हुँदै खेवाङ सम्म गोरेटो बाटो निर्माण (वडा नं. २) | ४९० | ० | ० | २.०३ | ६.७५ | ११ (औषत कार्यदिन २३) | १७०३४० |
| | हिमालयन कैलाश प्रा.वि. कोठा पीसीसी निर्माण (वडा नं. १) | ० | ० | ० | ११.२२ | ० | १० (औषत कार्यदिन ४) | २६०५२ |
| २३७/२०८१/३/७ | भनभने स्याङ धामाचौर गोरेटो बाटो निर्माण (वडा नं. २) | ५२४ | ० | ० | ० | ० | ५ (औषत कार्यदिन ६३) | २०९७५२ |
| | झारपोखरी जुमारांसी माउनटेन मार्ग निर्माण (वडा नं. ५) | ३५२ | ४५.३ | ० | ० | ० | ६ (औषत कार्यदिन ४९) | १९३०५२ |
| | तरन घोरेटो बाटो मर्मत (वडा नं. १) | १८६ | ० | ० | ० | ४.५ | १० (औषत कार्यदिन १४) | ९०८४८ |
| २३८/२०८१/३/७ | टाउलेरह देखि सहिद मार्ग हुँदै तीन खन्ने क्षेडाकुरेली जोड्ने गो.बा. निर्माण (वडा नं. २) | ३३४ | ० | ० | ० | ० | ११ (औषत कार्यदिन १८) | १२९५९२ |
| Total | | | | | | | | ८१९६३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१९,६३६ |

६६ **दक्ष श्रमिक तथा निर्माण सामाग्रीको रकम भुक्तानीः**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६५, मिति २०८०।११।१४ को परिपत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वयन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री लगायतका अन्य सामाग्रीहरु प्रचलित दररेट बमोजिक स्थानीय तहको स्रोतबाट बेहोर्ने गरी लागत साझेदारी गरी आयोजना संचालन गर्न सकिने व्यवस्था उल्लेख छ । पालिकाले निम्नानुसारको योजनामा माटो खन्ने काममा १ घ.मि. मा दक्ष श्रमिकवापतको रु.५६ र प्लान्ट्स एण्ड इक्युप्मेन्ट वापत रु.१२ र ढुङ्गा सोलिङ कार्यको लागि १ घ.मि. ढुङ्गाको लागि रु.१२७२, टुल्स एण्ड प्लान्ट्सलाई रु.३०.०६ र सुख्खा गारो निर्माणको लागि १ घ.मि. ढुङ्गाको लागि रु.१२७२ र दक्ष श्रमिकलाई रु.६६८ का दरले भुक्तानी दिएकोमा कार्यविधि तथा परिपत्र अनुसार उक्त रकम पालिकाबाट खर्च लेखी उक्त रकम रु.१२५६९८ संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.

| गो.भौ.नं. र मिति | योजनाको नाम | भुक्तानी भएको आइटम र परिमाण | दक्ष श्रमिकको भुक्तानी | अन्य सामाग्रीको भुक्तानी | कुल भुक्तानी |
|---|---|---|---|---|---|
| २३७/२०८१/३/७ | भनभने स्याङ धामाचौर गो.बा. निर्माण | नरम माटो खन्ने काम (५२३.५० घ.मि.) | २९३१६ | ६२८२ | ३५५९८ |
| २३८/२०८१/३/७ | माडिवाङ जङ्खुल जगा हुँदै वरापु बाटो निर्माण | नरम माटो खन्ने काम (४९० घ.मि.) | २७४४० | ५८८० | ३३३२० |
| २५५/२०८१/३/१३ | गुरासे पर्यटन स्थल राँकमाधुरी जोड्ने बाटो निर्माण | नरम माटो खन्ने काम (३८४ घ.मि.) | २१५०४ | ४६०८ | २६११२ |
| २५५/२०८१/३/१३ | ढलम्पु स्वस्थ्य खलडाँडा सम्म गोरेटो बाटो निर्माण | नरम माटो खन्ने काम (१२७ घ.मि.) | ७११२ | १५२४ | ८६३६ |
| २३८/२०८१/३/७ | ताउलेरह देखि सहिद मार्ग हुँदै तीन खत्रे छेडा कुरेली जोड्ने गोरेटो बाटो निर्माण | नरम माटो खन्ने काम (३२४ घ.मि.) | १८१४४ | ३८८८ | २२०३२ |
| जम्मा | | | | | १२५६९८ |

| असुल गर्नुपर्ने | १,२५,६९८ |
|---|---|

६७ **स्मार्ट कृषि कार्यक्रममा म्याचिङः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समूहबाट कुनै पनि निर्माण कार्य संचालन गर्दा कुल लागत अनुमान तयार गरी सोको आधारमा लाभग्राही समूहको कुन कुन क्षेत्रमा लागत साझेदारी हुने हो सोको स्पष्ट रुपमा सम्झौता गरी कार्यादेश दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिलाई गो.भौ.नं. ६८४/२०८१/३/१९ बाट सोलार कार्य खरिद गरी जडान गरेवापत रु.९९७३९३.६० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

क) माथि उल्लेखित समूहले कृषि ज्ञान केन्द्र लिवाङसँग सम्झौता गरी कार्यादेश अनुसार कार्य सम्पन्न भई सकेको अवस्थामा कुल लागत अनुमानमा पालिका, कृषि ज्ञान केन्द्र तथा लाभग्राही समूहको योगदान तथा लागत साझेदारीको कुरा उल्लेख नगरी सोलार खरिद तथा जडान वापतको रकम लाभग्राही समूहलाई सिधै भुक्तानी दिने कार्य नियमसम्मत नभएको हुदाँ यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| अनियमित भएको | ९,९७,३९३ |
|---|---|

६८ **फिल्ड भत्ताः**

कृषि तथा पशुपंछि विकास मन्त्रालयको च.नं.१२, मिति २०८०।४।२२ को पत्रानुसार एक गाउँ एक प्राविधिकलाई ६ महिना र चाडवाड खर्च सम्बन्धित मन्त्रालयले र बाँकी ६ महिनाको तलब सम्बन्धित स्थानीय तहबाटै व्यवस्था गर्ने भनी परिपत्र भए बमोजिम कार्य गर्नुपर्नेमा पालिकाले एक गाउँ एक प्राविधिक शीर्षकमा कार्यरत २ जना प्राविधिक कर्मचारीहरु खम्ब बहादुर वली र प्रशन्न घर्तिमगरलाई २ पटकको लागि जनही रु.६४००० का दरले गो.भौ.नं. १२१/२०८०/८/२५ र ७४७/२०८१/३/२१ बाट रु.२५६००० भुक्तानी भएकोमा कुन कुन कामको लागि फिल्डमा खटाइएको हो सो प्रमाणित गर्ने कागजात सहित कार्यपालिकाको निर्णय पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,५६,००० |
|---|---|

६९ **जुस बनाउने तालिम:**

पालिकाले १५ जना प्रशिक्षार्थीलाई जुस बनाउने तालिम संचालन गरे बापत गो भौ नं १६९।०९१।१।२६ बाट रु. १४९२३८.२५ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) जुस बनाउने तालिम संचालन भएको अवस्थामा १० दिने उद्दमशिलता तालिम लिनुभएको प्रशिक्षक बाबुराम नेवारलाई १४ वटा सेसनको प्रतिसेसन रु. १५०० का दरले रु. २१००० भुक्तानी भएकोमा प्रशिक्षकले १४ वटा कक्षा को दैनिकि तालिका सहित कार्यपत्र

पेश गर्नुपर्ने वा भुक्तानी भएको रकम दाखिला गर्नपर्ने रु.

| प्रमाण पेश नगरेको | २१,००० |
|---|---|

७० **पाठ्य पुस्तक अनुदानः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले सार्वजनिक विद्यालयका विद्यार्थिका लागि निशुल्क पाठ्यपुस्तक अनुदानवाट गो.भौ.नं. २७४, मिति २०८१।३।१६ बाट १०,०८,३२१ भुक्तानी गरेकोमा निम्न विद्यालयकाले भुक्तानी वरावरको भर्पाई पेश नगरेकोले बढी भएको रकम रु.३९५३७ संघीय सन्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| क्र. सं . | विद्यालयको नाम | निकाशा | खर्च | फिर्ता गर्नुपर्ने |
|---|---|---|---|---|
| १ | बालकल्याण प्रा वि, निम्बाङ्ग | १४५५९ | ६६१२ | ७९४७ |
| २ | बालज्योती प्रा वि, जुमारासि | २९३६८ | ८८५२ | २०५१६ |
| ३ | जनकल्याण प्रा वि, कर्ताम | १६५३१ | ६६६३ | ९८६८ |
| ४ | दिपज्योती आ वि, बासुकिडाँडा | १७३५९ | १६१५३ | १२०६ |
| | जम्मा | | | ३९५३७ |

| असुल गर्नुपर्ने | ३९,५३७ |
|---|---|

७१ **सेनिटरी प्याड खरिदः**

७१.१ सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनिटरी प्याड वितरण गर्ने गरी सम्बन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी सोको भरपाइ तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाउँपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो.भौ.नं. १०४/२०८०।११।१ बाट आर.जी.एम. ट्रेडिङबाट १२४७९ प्याकेट प्रति प्याकेट १०५.६६ (मु.अ.कर बाहेक) रु.१४१८७३९.५१ भुक्तानी भएको छ । सेनिटरी प्याड वितरण कार्य प्रभावकारी भए/नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेको छः

क) पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु संख्या यकिन गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले सो सम्बन्धी यथार्थ विवरण तयार नगरी ईमिसको डाटाको आधारमा संख्या निर्धारण गरी खरिद गरेको हुँदा उक्त खरिद भएको परिमाणले छात्राहरुलाई सेनेटरी प्याड पर्याप्त मात्रामा प्राप्त गरे/ नगरेको यकिन गरी आगामी दिनमा पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

ख) पालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) अनुसार नेपाल उत्पादित रु.१५ लाख रुपैंयासम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरेको भए उक्त तोकेको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले माथि खरिद भएको सेनेटरी प्याडको आधिकारिक उत्पादक जसमिन हाइजिन प्रोडक्स प्रा.लि. सँग सिधै वार्ता गरी संस्थागत छुट प्राप्त गरी सामान खरिद गर्नुपर्नेमा तेस्रो पक्ष आरजीएम ट्रेडिङ्गसँग उत्पादक कम्पनीले पत्रिकामा प्रकाशन गरेको मूल्य बराबर हुने गरी खरिद गरेको हुँदा आगामी दिनमा खरिद कानून अनुसार खरिद गर्नुपर्दछ ।

७१.२ सेनिटरी प्याड ढुवानी वापत गो.भौ.नं. १३६/२०८०/१२/७ बाट गाडी भाडा वापत हेमराज डाँगीलाई रु.२४००० भुक्तानी गरेकोमा उक्त रकम पालिकाबाट खर्च लेखी संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

७२ **शिक्षक विद्यार्थी अनुपातः**

स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न ४३ सामुदायिक विद्यालयहरु मध्ये १३ वटा शुन्य दरवन्दी रहेको बाँकी ३० विद्यालयको दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | कार्यरत शिक्षक | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री जनसेवा नमूना मा वि परिवर्तन २ | १६ | ६५१ | ४१ |
| २ | जन चेतना प्रा वि परिवर्तन ४ पाछावाङ | २ | ८१ | ४१ |
| ३ | जन ज्योति मावि परिवर्तन ४ पाछावाङ | ५ | १५९ | ३२ |
| ४ | सरस्वती नि मा वि परिवर्तन ४ पाछावाङ | ७ | २९० | ४१ |
| ५ | जनता मा वि परिवर्तन ३ वागमारा | ९ | २८८ | ३२ |
| ६ | ने रा मा वि कोरल परिवर्तन ५ | ३ | ११४ | ३८ |
| ७ | राष्ट्रिय मा वि केवरी परिवर्तन ३ | ५ | १५६ | ३१ |
| ८ | जनकल्याण मा वि त्रिवेणीखोला परिवर्तन | ० | २१३ | ० |
| ९ | भृकुटी प्रा वि भलाका परिवर्तन २ | ३ | ६२ | २१ |
| १० | शिक्षाज्योति प्रा वि धजाबोट परिवर्तन ४ | ० | ५४ | ० |
| ११ | दिव्य ज्योति मा वि माइस्थान परिवर्तन ४ | ४ | ३२६ | ८२ |
| १२ | अति ज्ञान ज्योति प्रा वि हिरिवन | ३ | १०२ | ३४ |
| १३ | ने रा मा वि राखुङ | ४ | ३६५ | ९१ |
| १४ | नेरा मा वि मौलाबोट | ४ | ७३५ | १८४ |
| १५ | बालउत्थान प्रा वि जैपा | १ | ६१ | ६१ |
| १६ | जनता प्रा वि चावाङ | ० | ६१ | ० |
| १७ | बालशिक्षा मा वि थुनिकोट | ३ | ३६२ | १२१ |
| १८ | दिव्य ज्योति प्रा वि ओह | २ | ७७ | ३९ |
| १९ | भानुभक्त निमावि ट्याम | ३ | १०५ | ३५ |
| २० | हरियाली प्रा वि बसुन्धारा | २ | ५० | २५ |
| २१ | बालकल्याण मा वि उपावाङ | १० | २७९ | २८ |
| २२ | हरित तारा प्रावि लिक्याङ | २ | २६ | १३ |
| २३ | सुकीदह प्रा वि लिक्याङ | १ | ३१ | ३१ |
| २४ | त्रिवेणी निमावि धउनुङगाड | ० | १०९ | ० |
| २५ | नेपाल राष्ट्रिय मा वि नाफे | ३ | ३९६ | १३२ |
| २६ | जीवन ज्योति प्रावि गोपेधारा | २ | ९२ | ४६ |
| २७ | बालकल्याण निमा वि जोगिडाँडा | ४ | १०२ | २६ |
| २८ | जन सेवा प्रा वि गोलखाडा | २ | १९ | १० |
| २९ | ठाकुरखोरिया प्रा वि भालुकोट | ३ | १२४ | ४१ |
| ३० | जनकल्याण मावि खरिबोट | ३ | ३६४ | १२१ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | प्राथमिक विद्यालय धोएखोए सिरुवाली | ३ | ८३ | २८ |
| ३२ | जनप्रियबालशिक्षा प्रा वि थानिकोट | ० | १७ | ० |
| ३३ | विश्वामित्र प्रावि सीमा | २ | ७१ | ३६ |
| ३४ | बालविकास प्रावि पुतलाचौर | ३ | ३९ | १३ |
| ३५ | दिव्यज्योति प्रावि बासुकीडाँडा | ० | ८० | ० |
| ३६ | हिमालय प्रावि गलकोट | ३ | ४५ | १५ |
| ३७ | जनकल्याण प्रावि कर्तम | ० | ४३ | ० |
| ३८ | बालज्योति प्रा वि जुमाराङ्सी | ० | ५१ | ० |
| ३९ | बागेश्वरी प्रा वि जुमाराङ्सी | ० | ९९ | ० |
| ४० | बालकल्याण प्रावि निङ्गाङ | ० | २९ | ० |
| ४१ | जनशिक्षा प्रा वि पोखराडाँडा | ० | ३६ | ० |
| ४२ | बालसुन्दर प्रा वि सेकम | ० | ४२ | ० |
| ४३ | फुलबारी प्रा वि चैतेलेख | ० | ४७ | ० |
| जम्मा | | ११७ | ६५३६ | १४८६ |

७३ **बढी भुक्तानी:**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार स्थानीय तहले लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्ने शीर्षकमा विनियोजन भएको रकमबाट बढीमा २७ देखि ३३ प्रतिशतसम्म रकम उद्यम सहजकर्ताको तलब भत्ता भुक्तानीमा खर्च गर्न सकिनेमा उक्त शीर्षकमा विनियोजन भएको रु.९२०००० को ३३ प्रतिशतले हुने रु.३०३६०० खर्च गर्न सकिनेमा पालिका रु.३३३८३१ खर्च गरेको देखिएकोले कार्यविधि भन्दा बढी खर्च लेखिएको रु.३०२३१ संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,२३१ |

७४ **पकेट कार्यक्रम निरन्तरताः**

७४.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन म्यानुअल २०७७ को परिच्छेद ४ अनुसार कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्‍याउने कृषि, पशुपंछि, मत्स्य उत्पादन कार्यलाई व्यवस्थित गर्न तालिका नं. २ अनुसारका क्रियाकलापमा खर्च गर्ने र सो कार्यमा सन्तोषजनक नतिजा प्राप्त गरेको अवस्थामा पालिकाले पकेट कार्यक्रमको निरन्तरताको माध्यमबाट ब्लक कार्यक्रमको लागि आवश्यक न्यूनतम प्रविधि लगायतका विऊ विजन जस्ता कार्यमा खर्च गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले गत वर्ष समेत कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद गरी कार्य संचालन भएकोमा यस वर्ष समेत माथि उल्लेखित क्रियाकलापहरु संचालन गरी निम्नानुसारको पकेट निरन्तरता कार्यक्रममा खर्च गरेको छ ।

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | संचालित क्रियाकलाप | गत वर्ष पकेट कार्यक्रम | कुल भुक्तानी रकम |
|---|---|---|---|---|
| २४०/२०८१/३/८ | वडा नं. ३ मा तरकारी पकेट कार्यक्रम | कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद | कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद | ६५००० |
| २४१/२०८१/३/८ | वडा नं. १ मा तरकारी पकेट कार्यक्रम | कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद | कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद | १४७४८६.३९ |
| २४७/२०८१/३/१२ | वडा नं. ४ मा तरकारी पकेट कार्यक्रम | कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद | कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद | २०१६४५.३२ |
| २४८/२०८१/३/१२ | वडा नं. ५ मा तरकारी पकेट कार्यक्रम | कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद | कृषि यान्त्रिकरण विऊ विजन स्प्रिङ कल पाइप आदि खरिद | ८०००० |
| जम्मा | | | | १२९५४८५ |

७४.२ कृषि पकेट कार्यक्रम संचालन गर्नको लागि पहाडी क्षेत्रमा न्यूनतम ७ हेक्टर जमिन भएको कृषक समूहलाई छनौट गरी कार्यक्रम संचालन गर्नुपर्नेमा सो नगरी गत वर्ष समेत टुक्रा पारी न्यूनतम मापदण्ड पुरा नभएको समूहलाई समेत अनुदान रकम प्रदान गरेको साथै यस वर्ष समेत टुक्रा पारी पकेट निरन्तरता अनुदानमा प्राप्त रकमलाई गत वर्षकै क्रियाकलापसँग मिल्ने क्रियाकलापमा खर्च गरेको देखिएकोले पालिकाले आगामी दिनमा निर्देशिका बमोजिम प्रतिफलयुक्त योजना छनौट गरी अनुदानको सही सदुपयोग गर्नुपर्दछ ।

## ७५ नविकरणीय ऊर्जा प्रविधि:

नविकरणीय उर्जा अनुदान परिचालन कार्यविधि, २०७३ अनुसार उपभोक्ता समितिको माध्यमबाट उनिहरुको १० प्रतिशत नगद योगदानको आधारमा उर्जामा सहयोग गर्न मद्दत गर्ने साना लघु जलविधुत जैविक उर्जा बायोग्यास पलान्ट जस्ता कार्यमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ। पालिकाले नविकरणीय उर्जा शीर्षकमा विनियोजन भएको रकमबाट गाँउपालिकाका विभिन्न वडा कार्यालयमा सोलार लाईट खरिद तथा विभिन्न लघु जलविद्युत आयोजनाको काम गरेको भनी निम्नानुसारको गो.भौ.नं. बाट कार्यविधि विपरित हुने गरी अनियमित तरिकाले भुक्तानी भएको रु.

| गो.भौ.नं. र मिति | कार्य | भुक्तानी प्राप्त गर्ने फर्म/उ.स. | भुक्तानी रकम |
|---|---|---|---|
| ६/२०८०/९/२ | ३ थान सोलार प्यानल खरिद | न्यू सिटी कम्प्युटर एण्ड सप्लायर्स | १९२८५० |
| १६/२०८१/१/२७ | कुलो मर्मत | बगाउने लघु जलविद्युत आयोजना कुलो मर्मत उ.स. | १५०००० |
| २४/२०८१/३/११ | लघु जलविद्युत आयोजनाको मर्मत तथा सामाग्री खरिद | ठूलो खोला पेल्ट्रिक सेट विद्युत उ.स. | २९९००० |
| २६/२०८१/३/१६ | जलविद्युत आयोजनाको सामाग्री खरिद तथा कुलो मर्मत | चक्का दुई खोली दोभान ल.ज. आयोजना उ.स. | १४९७६८.२५ |
| जम्मा | | | ७९१६१८.२५ |

| अनियमित भएको | ७,९१,६१८ |
|---|---|

## ७६ एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिमः

७६.१ पालिकाले सामुदायिक विद्यालयका प्र.अ. तथा लेखा सम्बन्धी कर्मचारीलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिम मिति २०८१।१।१८ देखि २१ सम्म ४ दिन सम्म संचालन गरी गो.भौ.नं. ४८७/२०८१/२/४ बाट रु.२३४६९० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

क) प्रशिक्षक श्री बालाराम वली र श्री प्रेम जी.एम. लाई जनही ४/४ वटा सेसनको रु.१५०० प्रति सेसनको भत्ता प्रदान गरेकोमा फरक फरक कार्यपत्र पेश नभएकोले कार्यपत्र पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००० |

७६.२ अर्को चरणको कार्यक्रम संचालन गरेवापत २ जना आन्तरिक प्रशिक्षकहरु भीम प्रकाश पुन मगरलाई १० वटा सेसनको प्रति सेसनको रु.१५०० र बालाराम वलीलाई ६ वटा सेसनको प्रति सेसन रु.१५०० का दरले प्रशिक्षक भत्ता प्रदान गरेकोमा प्रशिक्षकले प्राप्त गरेको तालिमको प्रमाणपत्र र फरक फरक कार्यपत्र पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,००० |

७७ **औषधी खरिद:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार ५० लाखसम्म लागत अनुमान भएको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष ४३ आइटमको लागि सिलबन्दी दरभाउपत्र माग गरी मूल्य सूची माग गरेकोमा रु.२९६८६५० कबोल गर्ने बंगलामुखी मेडिसिन सप्लायर्ससँग सम्झौता गरी माथि उल्लेखित परिमाणको मिति २०८०।९।२ मा दाखिला प्रतिवेदनको आधारले गो.भौ.नं. ८५/२०८०/१०/११ बाट रु.२९६८६५० र नपुग भएको भनी पुन सोही कुन्जन मेडिको कन्सर्नसँग औषधी खरिद गरी गो.भौ.नं. ५४४/२०८१/२/३१ बाट रु.५९८०४७ गरी कुल रु.३५६६६९७ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पालिकाकालाई आवश्यक पर्ने औषधि र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।

ख) आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ ।

ग) आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।

घ) यसवर्ष पालिकाले माथी उल्लेखित फर्मसँग रु. ३५६६६९७ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा मुचुल्का तयार गरेको छैन । जसले गर्दा पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७८ **युवा उद्यमशीलता कार्यक्रम:**

पालिकाले युवा परिवर्तन, विकास र समृद्धिको सम्बाहकको रुपमा लिई पालिकाभित्रका युवाहरुलाइ प्रत्यक्ष उत्पादन र उद्यममा जोडी स्वरोजगार बनाउने लक्ष्यका साथ २० देखि ४० बर्ष उमेर पुगेका युवाहरुलाइ सापटी सहायता प्रदान गर्ने र सापटी सहायता लिइ उत्पादनमूलक उद्यम वा व्यावसाय सञ्चालन गरेको तीन बर्ष पछि सहायता रकम फिर्ता गर्नुपर्ने गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७९ निर्माण गरी ७१ युवा उद्यमीलाई २३ लाख २७ हजार ५ सय सापटी सहायता उपलब्ध गराएको छ । कार्यविधिमा युवा उद्यमीले सञ्चालन गरेको व्यावसायले उत्पादनमूलक उद्यम गरी पालिकाको प्राथमिकतामा परेको क्षेत्रमा उद्यम गरेको भएमा सापटी रकमलाइ अनुदानमा परिणत गर्न सक्ने उल्लेख गरेको छ । संचालित कार्यक्रमको निरन्तर अनुगमन गरी सापटी रकम फिर्ता गराइ पालिकाभित्रको नयाँ युवा उद्यमीलाइ सहायता प्रदान गर्ने गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : परिवर्तन गाउँपालिका, रोल्पा , परिवर्तन गाउँपालिका , रोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेम जि.एम. | २०७९-११-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरिष चन्द्र डाँगी | २०७८-९-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५०७,५९६ | ४,९८१,७३० | १,३३७,२६५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,८२६,५९१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्योट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,८२६,५९१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३८२१४३६५.४३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७०५१७५९२.९७ | चालु खर्च | २८२४८९०४६.५२ |
| प्रदेश सरकारबाट अनुदान | २६५१२७५२ | पूँजीगत खर्च | १०१५४५५००.८२ |
| राजश्व बाँडफाँट | ८१७२०९६७.३८ | वित्तीय/अन्य व्यवस्था | १३६३३५६६५.६६ |
| आन्तरिक आय | ३९७२२७६.०५ | | |
| अन्य आय | १३६३३८८८६.८२ | | |
| कुल आय | ५११९०६२४७५.२२ | कुल खर्च | ५२०३७०२१३.०० |
| बाँकी मौज्दात | | ३६९०६६२७.६५ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै, निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। सार्वजनिक पूर्वाधारको निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी/घटी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, बर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली(कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकिन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- आन्तरिक लेखापरीक्षकको पदपूर्ति गराई आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।